नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

फोन नं. ०१-६६३८१५१/०१-६६३७८७३
फ्याक्स ०१-६६३७८७२

पत्र संख्या : ०८१/०८२
चलानी नं.: ६३९

(................................................ शाखा)

मिति : २०८२।०३।०५

विषयः शिक्षकको कार्यसम्पादनको पुनरावलोकन समितिबाट मूल्याङ्कन गराउने सम्बन्धमा।

**श्री शिक्षा विकास तथा समन्वय इकाई**
**(सबै)**

प्रस्तुत विषयमा यस आयोगको च.नं. ४७० मिति २०८१।१२।२६ को पत्रमा उल्लिखित बेहोरा अवगत गरी सोही अनुसार त्यस जिल्लास्थित सबै स्थानीय तहहरूबाट शैक्षिक सत्र २०८१ को शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन फाराम प्राप्त गर्नु भएकै होला । शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम ३२ को उपनियम (९) एवम् आयोगको उक्त पत्रानुसार शैक्षिक सत्र प्रारम्भ भएको मितिले ९० दिनभित्र पुनरावलोकन समितिको समेत मूल्याङ्कन सम्पन्न गर्नुपर्ने भएकाले नियमावलीले तोकिएको समयभित्र पुनरावलोकनको (यदि कुनै स्थानीय तहबाट कार्यसम्पादन मूल्याङ्कन फाराम आउन बाँकी भएमा सो समेत प्राप्त गरी) कार्य सम्पन्न गरी सम्बन्धित शिक्षा विकास निर्देशनालयमा कार्यसम्पादन मूल्याङ्कन फाराम पठाउनु हुन पुनः अनुरोध छ । कानुनले निर्धारित गरेको समयमा गर्नुपर्ने कार्यसम्पादन मूल्याङ्कनसम्बन्धी कार्यसम्पन्न नहुँदा शिक्षकको वृत्तिविकासमा पर्न जाने असरप्रति संवेदनशील हुन र सोही अनुसारको सूचना स्थानीय तहहरूमा समेत सम्प्रेषण गर्नुहुन निर्देशानुसार अनुरोध छ ।

<u>बोधार्थ तथा कार्यार्थ</u>
श्री शिक्षा विकास निर्देशनालय
(सबै): समयमा नै शिक्षकको कार्यसम्पादन मूल्याङ्कन फाराम निर्देशनालय प्राप्त गर्नका लागि आवश्यक सहजीकरण गरिदिनु हुन अनुरोध छ।
श्री स्थानीय तह (सबै)

२०८२।०३।०५
रामचन्द्र शर्मा
उपसचिव